**मिति २०७८ असार १६ गते (वि.सं. २०७८।३।१६) बुधबार तुलसीपुर उपमहानगरपालिकाको ११७औं कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय १**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७८/०७९ को सबै वडा समितिको बजेट तथा कार्यक्रम मिति २०७८।३।२० गते भित्र अनिवार्य यस केन्द्र कार्यालयको योजना तथा बजेट महाशाखामा पेश गर्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. २**

तुलसीपुर उपमहानगरपालिकाको आ.ब. २०७८/०७९ को सबै बजेट तथा कार्यक्रम योजना तर्जुमा समितिले २०७८।३।२१ गते भित्र अध्ययन गरी आगामी नगरसभामा पेश गर्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णण नं. ३**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १३ मा रहेको तुलसी गौशालाबाट गाईको चारा व्यवस्थापनका लागि रकम माग गरेकोले सो सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न सामाजिक बिकास समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ८ बाट भुलबस नगदी रसीद छपाई राजश्व असुल गरेको र सो रकम हाल कम्प्युरमा पोस्टीङ्ग गरी यस उपमहानगरपालिकाको राजश्वखातामा जम्मा भईसकेको भनि राजश्व शाखाबाट भएको प्रतिवेदन उपर आवश्यक अध्ययन गर्न आर्थिक बिकास समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

तुलसीपुर उपमहानगरपालिकाको तपसिल बमोजिमको लगत कट्टि समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| श्री प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| श्री मालपोत कार्यालय तुलसीपुर प्रतिनिधि | सदस्य |
| श्री नापी कार्यालय तुलसीपुर प्रतिनिधि | सदस्य |
| श्री भूमि व्यवस्थापन शाखा प्रमुख तुलसीपुर उपमहानगरपालिका | सदस्य |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

(मिति २०७८।३।१६गते ११७ औं का.पा.बैठकका निर्णयहरु)

**मिति २०७८ असार १६ गते (वि.सं. २०७८।३।१६) बुधबार तुलसीपुर उपमहानगरपालिकाको ११७औं कार्यपालिका बैठका निर्णयहरु :**

**नर्णय नं. ६**

ुलसीपुर उपमहानगरपालिका वडा नं. ४ को मिति २०७८।२।२७ च.नं. २७५८ को पत्रबाट आ.ब. ़०७८/२०७८ को छनौट भएका जस्तापाता प्रयोगका लाभग्राहीहरुको नाम संशोधन गरीदिनुहुन भनि सफारिस प्राप्त भएकोले सो सफिारिसमा प्राप्त नामावलीहरु संशोधन गर्ने सर्बसम्मत निर्णय गरीयो । साथै ाडा नं. १९ का प्रसाद खडकाको नाममा आ.ब.२०७८/२०७८ स्वीकृत भएको जस्तापाता संशोधन गरी ामसरी बिकलाई उपलब्ध गराउने निर्णय गरियो ।

ुलसीपुर उप महानगरपालिका भित्र रकम तथा ठेक्का बन्दोबस्त गर्ने सम्बन्धमा राजस्व मुल्याङ्कन प्रयोजनका ागि देहाय बमोजिमको राजस्व मुल्याङ्कन समिति गठन गर्ने निर्णय गरियो ।

१) राजस्व प्रशासन शाखा प्रमुख – संयोजक

२) आन्तरिक व्यवस्थापन तथा खरिद शाखा प्रमुख – सदस्य

३) कांनुनी मामिला शाखा प्रमुख – सदस्य

४) पूर्वाधार महांशाखा प्रमुख (इन्जियिर) – सदस्य

५) राजस्व शाखाको अधिकृत – सदस्य सचिव

**नेर्णय नं ७**

आ.व.२०७४।०७५ मा अटोभिलेज निर्माणका लागि तटबन्धन गर्दा लगत इस्टिमेट रु.३९,९७,४६३।८९ रहेकोमा उप महानगरपालिकाबाट रु.१९,९८,७३२।०० भुक्तानी भएको र बाँकी रु.१९,९८,७३१।९५ अटोभिलेज निर्माण नथा व्यवस्थापन समितिका उपभोक्ताबाट लगानी भएको हुँदा उपभोक्ताबाट लगानी भएको उल्लेखित रकम अटोभिलेजको वहाल विटौरीमा मिलान गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

तुलसीपुर उप महानगरपालिका वडा नं ०४ का पूर्ण वहादुर बुढा मगरले द्राण निर्माण सेवा, मुसीकोट नगरपालिका वडा नं १० का जीवन के सी ले धारपानी मल्टी प्रपोज प्रा. लि. र तुलसीपुर उप महानगरपालिका वडा न ०९ का नविन डि सी ले डि सी विल्डर्सलाई "घ" बर्गको निर्माण व्यवसायी इजाजत पत्र पाउनका लागि नियमानुसार आवश्यक सम्पूर्ण कागजात सहित निवेदन पेश गर्नु भएको हुँदा उल्लेखित फर्महरुलाई "घ"

**नि. प्रमुख प्रशासकीय अधिकृत**

मिति २०७८ असार १६ गते (वि.सं. २०७८।३।१६) बुधबार तुलसीपुर उपमहानगरपालिकाको ११७औं कार्यपालिका बैठकका निर्णयहरु :

को निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधिको बुँदा नं २ अनुसार "घ" वर्गको इजाजतपत्र उपलब्ध गराउने निर्णय गरियो ।

य नं ९

विश्वव्यापी महामारी कोभिड १९ को कारणले व्यवसायीहरुलाई प्रत्यक्ष प्रभाव पारेको हुँदा २०७८ वैशाख १७ देखि असार १५ गते सम्म लकडाउनका अवधि भर दामासाहीले दैनिक हिसाब गरी देहाय बमोजिमका ठेक्का एवं सटर भाडामा लिएका व्यवसायीहरुलाई कोभिड छुट दिने निर्णय गरियो ।

| ठेक्का नं/सटरभाडा | कैफियत |
|---|---|
| ठे नं रा.०७/०७६/०७७ | बसपार्क सरसफाइ तथा गाडी धुलाइ |
| ठे नं रा. ०१/०७७/०७८ | जडीबुटी,जीवजन्तु, कवाडी पशुपंक्षी निकासी |
| कार्यालय भवन अगाडी रहेका ११ सटर कोठाहरु | सम्बन्धित व्यवसायीहरु |

निर्णय नं. १०

तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र कृयासिल तपसिल बमोजिमका सामुदायीक बिद्यालयहरुमा भौतिक पुर्बाधार निर्माणका लागि संघीय सरकारबाट प्राप्त अनुदान रकमको कार्य Covid १९ का कारण भएको बन्दा बन्दीले तोकिएको समय सिमा भित्र सम्पन्न हुन नसकेकोले उक्त रकमलाई तपसिलका बिद्यालयहरुको खातामा जम्मा गरी खाता रोक्का राख्ने र कार्यसम्पन्न भएको प्रतिवेदन प्राप्त भए पश्चात मात्र खाता खुल्ला गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ११

तुलसीपुर उपमहानगरपालिका वडा नं. ९ बस्ने संगिता शाह लगाएतको नाममा नक्सापासको सन्दर्भमा केहि प्राबिधिक समस्या उत्पन्न भई हाल यस उपमहानगरपालिकाबाट नक्सापास गर्न समस्या आउने देखिएकोले निजबाट असुल उपर भएको नक्सापास दस्तुर बापतको रकम रु.१२०६२६।(एकलाख बीस हजार छ सय छब्बीस मात्र) र तुलसीपुर उपमहानगरपालिका वडा नं. ९ बस्ने रिमा कुमारी दाहालको समेत वढि शुल्क रु. ८८२३७(अठासी हजार दुईसय सैतिस मात्र) राजश्व फिर्ता गर्ने सर्बसम्मत निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १० भौतिक निर्माण ~~सम्बन्धमा~~ सँग सम्बन्धीत

यस तुलसीपुर उपमहानगरपालिका अन्तरगतका तपसिलमा उल्लेखित विद्यालयहरु लाई संघीय सरकार बाट आ व २०७७/०७८ मा प्राप्त रकम समयमा निकासा नभएकाले तथा कोभिडका कारण भएको बन्दाबन्दीले समयमा कार्य सम्पन्न हुन नसक्नेभएकाले विद्यालयको खातामा रकम निकासागरी बैंक खाता रोक्का राखी कार्य सम्पन्न भएमा फुकुवा गर्ने व्यवस्था मिलाउने निणर्य गरीयो ।

| क्रस | विद्यालयको नाम | कामको किसिम | रकम |
|---|---|---|---|
| १ | गुरुजजुर मा वि रक्षाचौर | भवन निर्माण | १०००००००।– |
| २ | मा वि तुलसीपुर सेन्टर | भवन निर्माण | ३६०००००।– |
| ३ | अम्वेश्वरी मा वि अम्वापुर | भवन निर्माण | ३६०००००।– |
| ४ | दीपेन्द्र मा वि मानपुर | भवन निर्माण | ३६०००००।– |
| ५ | आ वि कटाहा | भवन निर्माण | १८०००००।– |
| ६ | शान्ति आ वि नवलपुर | भवन निर्माण | १८०००००।– |
| ७ | सिर्जनशिल आ वि छोटे | भवन निर्माण | १८०००००।– |
| ८ | अमर मा वि उरहरी | शौचालय निर्माण | ७०००००।– |
| ९ | बालमितेरी मा वि भोजपुर | शौचालय निर्माण | ७०००००।– |
| १० | आ वि बराहखुटी | शौचालय निर्माण | ७०००००।– |
| ११ | आ वि रानागाउ | शौचालय निर्माण | ७०००००।– |
| १२ | जनश्रम मा वि खाद्रे | शौचालय निर्माण | ७०००००।– |
| १३ | मा वि बालापुर | रेक्टोफिटिङ | १५०००००।– |

तुलसीपुर ... लुम्बिनी प्रदेश, नेपाल २०७३